कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६
सचिवज्यू: ०८३-५२२५२
प्रशासन शाखा: ०८३-५२
फ्याक्स नं.०८३-५२५७७

पत्र संख्या : २०७९।०८० (विपद् व्यवस्थापन शाखा) च.नं. मिति: २०७९/०६/१८

# विज्ञप्ति ।

असोज महिनामा औसत वर्षाको सामान्य भन्दा बढी बर्षा हुने पूर्वानुमान जल तथा मौसम विज्ञान विभागको नेपालको दसैंका लागि विशेष मनसुन बुलेटिन - ७ तथा भारत मौसम विभागको विश्लेषणबाट लगाउन सकिन्छ । हाल बङ्गालको खाडीमा विकसित भइरहेको न्यून चापीय क्षेत्र उत्तर पश्चिमी तर्फ सर्दै जाने क्रममा मिति २०७९-०६-१८ देखि नेपालमा पनि यस प्रणालीको प्रभाव पर्ने हुँदा मनसुनी वर्षा सक्रिय हुने सम्भावना देखिएको छ । देशको पूर्वी भागबाट शुरु भई पश्चिमि भागमा असोज १९ गते दशमी देखि थप सक्रिय भएर असोज २३ गते आईतवार सम्म यस प्रदेशका धेरै स्थानमा भारी वर्षाको पूर्वानुमान गरिएको छ ।

असर पर्ने क्षेत्र :

१. धान खेती भित्र्याउन समस्या हुन सक्ने तथा पाकेको धान वा काटेको धान खराब हुन सक्ने ।

२. पहाडी तथा भिरालो जमिनमा भू-क्षय, पहिरोको जोखिम, सडक तथा हवाई यातायातमा प्रभावको सम्भावना ।

साथै देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, सडक तथा हवाई यातायात र कृषि लगायतका क्षेत्रहरू प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ ।

२०७९।६।१८